This Question Paper consists of 30 questions and 8 printed pages.
यस प्रश्न-पत्रमा 30 प्रश्न र 8 मुद्रित पृष्ठ छ।

**Code No. 65/S/A/N**
कोड नं०

Roll No.
अनुक्रमांक

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

**Set / सेट** A

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination ..................................................
(परीक्षाको दिन अनि दिनाङ्क)

Signature of Invigilators 1. ..................................................
(निरीक्षकहरूको हस्ताक्षर)

2. ..................................................

***सामान्य अनुदेश :***

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. 65/S/A/N, सेट A लेख्नुहोस्।

# NEPALI

## नेपाली

## (231)

समय : 3 घण्टा ] [ पूर्णाङ्क : 100

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ।

(ii) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस्।

(iii) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर-पुस्तिकामा चिह्नित गर्नुहोस्।

तलका प्रश्नहरूका चार विकल्पहरूमाझ सही विकल्पलाई उत्तर-पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : 1×11=11

**1.** 'भक्तमाला'मा कसलाई 'ख्वामित्' सम्बोधन गरिएको छ?

(A) ईश्वर (B) मालिक

(C) यम (D) यमदूत

**2.** कसलाई 'अर्कैको भाषा पहिरन मनपर्ने' भनिएको छ?

(A) गोरखाली (B) बङ्गाली

(C) गुजराती (D) पञ्जाबी

**3.** 'सिकारुप्रति' कवितामा अमर पद पाउन के गर्न नहुने भनेका छन्?

(A) देशसेवा (B) परोपकार

(C) पशुझैं रहने (D) खेलकुद

**4.** 'प्रत्येक हिटलरको गिदीमा' के पसाउनु पर्ने हो?

(A) शान्तिको मन्त्र (B) हत्याको मन्त्र

(C) युद्धको आह्वान (D) शोषणको मन्त्र

5. 'सहज सुकवि' भनेको

(A) उच्च विचार र प्रतिभाशाली
(B) सहजै भेटिने
(C) सजिला कविता लेख्ने
(D) सजिलै मेलमिलाप गर्ने

6. 'आमा' कविता कुन छन्दमा रचिएको छ?

(A) शिखरिणी
(B) शार्दूलविक्रीडित
(C) मन्दाक्रान्ता
(D) लोकलय

7. 'बेलामा' निबन्धमा 'बेला' के हो?

(A) समय
(B) रोटी बेल्ने औजार
(C) भायोलिनझैँ वाद्ययन्त्र
(D) सारङ्गी

8. ''यहाँ कागजको फूल अनमोल छ, तर फुलेको फूल बेमोल छ।'' कुन रचनाबाट लिइएको हो?

(A) पद्मा
(B) त्रिकोण
(C) मेरो एउटा नागाहुकी
(D) नासो

9. प्रत्यय कति प्रकारका छन्?

(A) एक
(B) दुई
(C) तीन
(D) चार

10. घाममा सुकाउनका फिंजाइएको अन्न

(A) बिस्कुन
(B) तामा
(C) थेग्रा
(D) दिवाला

**11.** 'पद्मा' कथा कहाँको परिवेश रचना गरिएको छ?

(A) हुकुमपेटा (B) सीमपेटा

(C) बगमपेटा (D) चेन्नइ

**12.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : 1+2+2+1+1+1+2=10

चोथालो नचला। तेरै जस्तो विचार हरेक पाठकका मनमा किन न आओस्, तर तैँले बोल्नु हुँदैन। बेन जन्सनले के भनेथे सम्झन्नस्। 'कविताको आलोचना गर्न कविले मात्र खुल्छ', भोजनको आलोचना भान्सेले मात्र गरून्। प्रशंसाको सेतु बाँध्नु निर्दोषता हो। प्रशंसाको सेतु बाँधे सन्त महात्मासम्म स्थानविचलित हुन्छन् भन्ने भुलिस् कि कसो! आफ्नो महत्ता र प्रशंसामा घटी लागे महर्षि पनि शराप दिन अञ्जलीभर पानी लिन तत्पर हुन्छन् भन्ने समेत बिर्सिछस्! हाय रे तेरो मनोवैज्ञानिक विद्वता!

''न्यायाधीशको काम हो आफ्नो ल्याकतअनुसार दोषादोषको विवेचना गर्नु। आफूमाथिको न्यायाधीशले कसो गर्ला भन्ने विचारले आफ्नो विचारमा प्रभाव पर्न दिनु न्यायाधीशको कर्तव्य होइन। नैतिक दोषको नैतिक पतनको क्षमा हुन्छ तर काव्यदोष अक्षम्य छ भन्ने विद्वान भनाउँदोको मण्डलीमा पसेको भए आज नै सो मण्डली त्याग गर। नैतिकतामा त्रुटि हुनेको खेदो र साहित्यिक दोषको क्षमा गर्नु नै मानुषिक आचार हो भन्ने सम्झी।''

(क) 'चोथालो' शब्दार्थ लेख्नुहोस्।

(ख) 'प्रशंसाको सेतु बाँध्नु' वाक्यांशको भावार्थ स्पष्ट पार्नुहोस्।

(ग) 'दोषादोष' पदको समास विग्रह गरेर देखाउनुहोस्।

(घ) बेन जन्सनले के भनेका थिए?

(ङ) 'ल्याकत'को पर्यायवाची शब्द लेख्नुहोस्।

(च) माथिको गद्यांशमा काव्यदोषलाई क्षम्य मानिएको छ कि अक्षम्य?

(छ) माथिका गद्यांश-अनुसार महात्माहरू के-के गर्दा विचलित हुन्छन्?

**13.** कुनै **एउटा** कवितांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

(क) भजौला भन्दैमा कति कति बित्यो जन्म जनको
मरौला भन्नाको अझ पनि विचार छैन जनको
अहो! दैवी माया बडिबलवती जानी मनले
विचार गर्दै गर्दै हरि भजिलिनु भक्त जनले।

(ख) सेता र रूपौला बादलले
नभ पुलकित होस् भन्छ
काला धूवाँ नउड्न कहिल्यै कतै भन्छ
तिमी जस्तै जैतूनका हाँगा चुच्चामा च्यापी
डुलूँ भन्छ हेर त मोहका साङ्ला मेरा खुट्टामा पनि।

तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् : 1×5=5

**14.** 'एउटा चिट्ठी परेवालाई' कवितामा परेवालाई के सन्देश लैजाने अनुरोध गरिएको छ?

**15.** 'चियाबारीका शहीदहरू' कविताको रचयिताको कुनै एउटा काव्यसङ्ग्रहको नाम लेख्नुहोस्।

**16.** कविले 'कलमवीर' हुन कसलाई र किन आह्वान गरेका छन्?

**17.** ''मोती तिनैको अनमोल भाउ छ'' पद्यांशमा केलाई मोती भनी सङ्केत गरिएको छ?

**18.** ''छैन शङ्करको नङ्ग, मगन्ते भेष निन्दित'' किन? खुलस्त पार्नुहोस्।

तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् (प्रत्येक प्रश्नको उत्तर *25* शब्दभित्र हुनुपर्छ) [प्रश्न संख्या **19** देखि **21** सम्म]: 3×3=9

**19.** ''लाञ्छित भइकन बाँच्नुभन्दा लाखन गुनले मृत्यु छ निको'' भनेर कसले कुन कवितामा के-का प्रसङ्गमा भनेका हुन्?

**20.** 'कवि र कविता'मा कविता के-कस्तो हुनुपर्ने कुरा भनेका छन्?

**21.** 'नेपाली सरकारी कामकाजको भाषा' लेखको मूल स्वर के हो?

**22.** निम्नलिखित कुनै **एउटा** गद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

(क) ''मानिस आजमा बाँच्छ, भोलिमा होइन। यो जमाना नै यस्तो छ। यहाँ कागजको फूल अनमोल छ, तर फुलेको फूल बेमोल छ।''

(ख) ''कुनै अछुत शरीरले पकाएको हलुवा बाहुनको भुँडीमा पनि हलुवैको रूपमा पुग्न सक्छ, भुँडी जात-भात नमान्ने हुनाले महात्मा पेट भने सुहाउँछ, तर जनै यस्तो छ कि, बाजेको राल सुकाएर कानमा झुण्डिनु पुग्छ।''

**23.** इन्टरनेटको सदुपयोगबारे प्रकाश पार्दै मित्रलाई पत्र लेख्नुहोस्। 5

**अथवा**

महामारीका कारण स्कुल बन्द रहेकोले आरम्भ भएको अनलाइन क्लासको सुविधा-असुविधाबारे एउटा परिच्छेद लेख्नुहोस्।

**24.** निम्नलिखित पद्यांश ध्यानपूर्वक पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् : 2+1+2=5

जो छन् अल्छी सकल तिनमा जोश मै बालिदिन्छु
जो छन् हूस्सू सकल तिनमा होश मै हालिदिन्छु
जो छन् लाटा सकल तिनको ओठ मै खोलिदिन्छु
नेपालीको सकल दिलको माग मै बोलिदिन्छु।

(क) प्रस्तुत पद्यांश कुन कविताबाट लिइएको हो र यसका रचयिता को हुन्?

(ख) 'जोश'को पर्यायवाची शब्द लेख्नुहोस्।

(ग) ओठ खोलिदिनुको तात्पर्य प्रस्ट्याउनुहोस्।

**25.** निर्देशानुसार उत्तर दिनुहोस् :

(क) निम्नलिखितमध्ये **दुईवटा** वाक्यांशका निम्ति सारशब्द लेख्नुहोस् : 2

अघि जन्मेका; पछि जन्मेका; गर्भ तुहाउने काम; एउटा आँखा नभएको मान्छे।

(ख) सन्धि विच्छेद गर्नुहोस् (कुनै **दुईवटा**) : 2

सङ्गीतालय; महेश; नीरोग।

(ग) तलका शब्दहरूको पर्यायवाची लेख्नुहोस् : 2

नग; खग; सोम; पृथ्वी।

(घ) तलका शब्दहरूको विपरीतार्थक लेख्नुहोस् : 2

अभिज्ञ; दाता; प्रत्यक्ष; प्रातः।

(ङ) तलका वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् : 2

आसन जमाउनु; ठेस लाग्नु।

**26.** विशेषण भनेको के हो? यसका कतिवटा प्रकारहरू छन्? लेख्नुहोस्। 2

**27.** कुनै **एउटा** लोकोक्तिको भाव-विस्तार गर्नुहोस् : 5

(क) स्याल पनि कराउनु, कुखुरा पनि हराउनु

(ख) ईमान भनेको लाख हो धन भनेको खाक हो

**28.** निम्नलिखित कुनै **तीनवटा** प्रश्नका उत्तर लेख्नुहोस् : 2×3=6

(क) शार्दूलविक्रीडित छन्दमा रचना गरिएको कविताको दुईवटा पङ्क्ति लेख्नुहोस्।

(ख) 'आमा' कवितामा आमालाई के-के विशेषणले विभूषित गरिएको छ?

(ग) सहज सुकविका लक्षणहरू के-के हुन्?

(घ) समास भनेको के हो? समास कति प्रकारका छन्, के-के?

(ङ) 'त्रिकोण' नाटकमा प्रदीप किन जेल जानुपरेको छ?

**29.** निम्नलिखित कुनै **चारवटा** प्रश्नका उत्तर लेख्नुहोस् : 3×4=12

(क) 'त्रिकोण' नाटकको हरिबाजेको चरित्र र चालबारे प्रकाश पार्नुहोस्।

(ख) 'नासो'को अर्थ लेखी कथामा केलाई, कसको र नासो भनिएको छ? प्रस्ट्याउनुहोस्।

(ग) ''ब्युँझेका यी छाप्राहरूले, नयाँ उज्यालो पर्खिरहेछन्'' भनेर के-कस्तो उज्यालोको कुरा गरिएको हो? प्रष्ट पार्नुहोस्।

(घ) 'हुकी' बाजेको आदिम पेसा सम्बन्धी प्रकाश पारी उनको हत्याको कारण के थियो, बताउनुहोस्।

(ङ) 'उत्तरतिर कंस करायो' कवितामा कसलाई किन कंस भनेका छन्? प्रष्ट पार्नुहोस्।

(च) 'साहित्यिक होली' कवितामा कुन-कुन कविहरूका नाउँ उल्लेख गरिएको छ? कविताको मूल तात्पर्य के हो?

(छ) कविले किन शहीदहरूको सम्झना गर्नुपर्ने कुरा गरेका छन्?

**30.** कुनै **एउटा** विषयमा *200* शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) कोरोना महामारी र यसबाट बच्ने उपाय

(ख) पुस्तकालय

(ग) चाडपर्व

(घ) पर्यावरण

★ ★ ★